**सर्वोच्च अदालत, संयुक्त इजलास**
**माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल**
**माननीय न्यायाधीश श्री तिल प्रसाद श्रेष्ठ**

**आदेश**

**०८०-WH-०१६०**

विषयः **बन्दीप्रत्यक्षीकरण।**

मुद्दा पुर्पक्षका लागि हाल बालसुधार गृह, नौवस्ता, बाँकेमा राखिएका **परिवर्तित** निवेदक **नाम बौद्ध ६१ (०७७/०७८)** को हकमा अधिवक्ता कविता लुइटेल...........१

विरुद्ध

महानगरीय प्रहरी वृत बौद्ध, काठमाण्डौं...................................................१
जिल्ला सरकारी वकिलको कार्यालय, बबरमहल, काठमाण्डौ–......................१ प्रत्यर्थी
काठमाण्डौ जिल्ला अदालत, बबरमहल, काठमाण्डौ.....................................१

नेपालको संविधानको धारा ४६ तथा धारा १३३ को उपधारा (२) र (३) बमोजिम यस अदालतको अधिकारक्षेत्र अन्तर्गत दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवम् यस अदालतको आदेश यसप्रकार रहेको छः-

**तथ्य खण्ड**

१. नावालक परिवर्तित नाम बौद्ध ६१(०७७/०७८) ले एसिड प्रहार गरी अंगभंग गरेको भनी मुलुकी अपराध संहिता, २०७४ दफा १९२क (१) को कसुरमा सोही संहिताको दफा १९२क (४) बमोजिमको सजायको मागदावी लिई अभियोग पत्र दायर भई निज प्रतिवादी मिति २०७७।१२।२९ मा पक्राउ परी काठमाण्डौ जिल्ला अदालतको मिति २०७८।०१।२० को थुनछेक आदेश बमोजिम बाल सुधार गृहमा राखिएकोमा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३७ बमोजिम उक्त मुद्दा १२० दिन भित्र फैसला नभएको हुँदा बाल सुधार गृहको नियन्त्रणबाट अभिभावकको जिम्मा लगाइ पाउँ भनि काठमाण्डौ जिल्ला अदालतमा मिति २०७९।१२।१३ मा निवेदन गरेकोमा "परिक्षण प्रतिवेदन" प्राप्त नभएको अवस्थामा निवेदन मागदावी बमोजिम गर्न नमिल्ने भनी

अभियोगपत्रमा उल्लेखित परीक्षण प्रतिवेदन अनिवार्य रूपमा पठाइ दिनू भनी जिल्ला सरकारी वकिल कार्यालय, काठमाण्डौलाई पत्राचार गर्नु भन्ने आदेश भई निज परिवर्तित नाम बौद्ध ६१/०७७/०७८) थुनामा नै रहेको हुँदा मुद्दामा निर्णय हुन नसके मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७७ अनुसार थुनामा रहेका व्यक्तिलाई थुनाबाट मुक्त गरी मुद्दाको प्रकृया अगाडी बढाउनु पर्नेमा र सो विषयमा अवधलाल साह विरुद्ध काठमाण्डौ जिल्ला अदालत समेत भएको रिट नं. ०७९-WH-०२१८ को वन्दीप्रत्यक्षीकरणको रिट निवेदनमा व्याख्या समेत भै सकेको अवस्थामा निज विरुद्धको मुद्दामा निर्णय पनि नगर्ने तथा निजलाई थुनाबाट मुक्त पनि नगरी अनिश्चितकाल सम्म मुद्दा पुर्पक्षका लागि बालसुधार गृहको नियन्त्रणमा राख्ने गरी भै रहेको कार्य गैर कानूनी र स्वच्छ सुनवाईको मान्यता विपरीत रहेको साथै यस अदालतबाट रिट नं. ०७८- WH-०००८, ०७८. WH-०२७९ र ०७९-WF-०००५ मा भएको न्यायिक व्याख्या समेतका विपरीत निज विरुद्धको सुनवाई अनिश्चितकाल सम्म लम्ब्याई निजलाई थुनामा राखि राख्ने कार्य बालबालिका सम्बन्धी ऐन, २०७५, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७७ तथा नेपालको संविधानको विपरित हुन गएको हुँदा निज परिवर्तित नाम बौद्ध ६१(०७७/०७८) लाई गैर कानूनी थुनाबाट मुक्त गरी प्रत्यर्थीहरुको नाउँमा बन्दीप्रत्क्षीकरण लगायतका उपयुक्त आज्ञा आदेश जारी गरि पाउँ भन्नेसमेत व्यहोराको परिवर्तित नाम बौद्ध ६१(०७७/०७८) को हकमा अधिवक्ता कविता लुइटेलको रिट निवेदन।

२. यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश किन जारी हुन नपर्ने हो ? आदेश जारी हुनु नपर्ने आधार र कारण भए सो समेत खुलाई यो आदेश प्राप्त भएको मितिले बाटाको म्याद बाहेक ३ (तीन) दिन भित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पेस गर्नु भनी प्रस्तुत आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी प्रत्यर्थीहरुको नाममा सूचना म्याद जारी गरी लिखित जवाफ प्राप्त भएपछि वा अवधि नाघेपछि नियमानुसार पेश गर्नुहोला। साथै निवेदन पत्रमा उल्लेखित एसीड प्रहार गरी अङ्गभङ्ग भएको भन्ने मुद्दा नं ०७७-CI-१४९६ को सक्कलै मिसिल् पेशीका दिन देखाई फिर्ता लैजाने गरी काठमाडौं जिल्ला अदालतबाट मगाउनू भन्ने व्यहोराको यस अदालतको मिति २०८०।८।५ को आदेश।

३. मिति २०७८।०१।२० मा अभियोगपत्रमा उल्लेखित परीक्षण प्रतिवेदन झिकाउनू भनी आदेश भएकोमा सोबमोजिम परीक्षण प्रतिवेदन प्राप्त नभएकोले दोस्रो पटक मिति २०८०।०१।२१ र मिति २०८०।०३।१९ मा तेस्रो पटक जिल्ला सरकारी

वकीलको कार्यालय, काठमाडौंलाई ताकेता गर्दासमेत हालसम्म जवाफ प्राप्त नभएको हुँदा सर्वोच्च अदालतबाट जारी भएको मिति २०७९।१०।२०, च.नं. ९१२ को परिपत्र बमोजिम यी कानूनका विवादमा परेका बालकले गरेको कसूरको गम्भिरताका सम्बन्धमा हालै निष्कर्षमा पुग्न नसकिएको हो। निवेदकलाई कानून वमोजिमको प्रक्रिया अवलम्वन गरी कानून बमोजिम नै पुर्पक्षको लागि बाल सुधार गृहमा राखिएको हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुन पर्ने होईन। रिट निवेदन खारेज गरी पाउँ भन्नेसमेत व्यहोराको काठमाण्डौ जिल्ला अदालत समेतको लिखित जवाफ

४. विपक्षी परिवर्तित नाम बौद्ध ६१(०७७/०७८) लाई पक्राउ गरी अनुसन्धान अवधि सम्म यस कार्यालयको बालमैत्री कक्षमा कानून बमोजिम राखि अनुसन्धान सम्पन्न पश्चात जिल्ला सरकारी वकिलको कार्यालय काठमाण्डौ मार्फत अभियोग पत्र सहित काठमाण्डौ जिल्ला अदालतमा पेश हुँदा काठमाण्डौ जिल्ला अदालतबाट मिति २०७८।०१।२० गतेको आदेशानुसार कानूनको विवादमा परेका नावलक परिवर्तित र बौद्ध ६१ (२०७७/०७८) लाई बालसुधार गृहमा पुर्पक्षको लागि थुनामा राख्ने आदेश भएको र सो मुद्धाको निरुपण अदालतबाटै हुने हुँदा यस कार्यालयलाई विपक्षी बनाई बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी पाउँ भन्ने व्यहोराको प्रहरी वृत्त बौद्ध काठमाडौंको तर्फबाट पेश भएको लिखित जवाफ।

५. विपक्षी विरुद्ध कानून बमोजिम अधिकार प्राप्त निकायबाट अनुसन्धान तथा अभियोजन भई सरकारवादी फौजदारी मुद्दा अंगभंग (एसिड प्रहार) मुद्दामा कानूनी रीत पुर्‍याई अनुसन्धान र अभियोजन गरी साधिकार निकाय काठमाडौं जिल्ला अदालतबाट मुद्दा पुर्पक्षको निवेदकलाई तत्काल प्राप्त प्रमाणका आधारमा बालसुधार गृहमा राख्न पठाएको कार्य कानून सम्मत रहेकोले रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराको जिल्ला सरकारी वकीलको कार्यालयको तर्फबाट पेश भएको लिखित जवाफ।

## आदेश खण्ड

६. नियम बमोजिम पेशी सूचीमा चढी निर्णयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदनसहितका मिसिल संलग्न कागजातहरु अध्ययन गरी निवेदकको तर्फबाट उपस्थित् विद्वान् अधिवक्ताहरु श्री अजयशंकर झा, श्री पंकजकुमार कर्ण र श्री विमला यादवले एसिड प्रहार गरी अंगभगं गरेको भन्ने आरोपमा करिव २ बर्ष देखि पुर्पक्षका लागी थुनामा रहेको छन्। विपक्षी जिल्ला अदालतले कानूनले निर्धारण गरेको समयावधि भित्रमा फैसला गरी मेरो पक्षलाई न्याय दिनु पर्नेमा संविधान प्रदत्त स्वच्छ सुनुवाईको सिद्धान्त

विपरीत कुनै परिणाममुखी कारबाही नै नगरी मुद्दा पुर्पक्षको नाउँमा अनिश्चित कालसम्म थुनामा राख्ने कार्य भएकोमा परिक्षण प्रतिवेदन प्राप्त नभएको भन्ने बहानामा निवेदक विरुद्धको मुद्दामा अनिश्चितकालसम्म निर्णय प्रकृयालाई थाती राख्ने कार्य भै रहेको छ। अतः जिल्ला अदालतको उक्त कार्यले नेपालको संविधानले प्रत्याभुत गरेको स्वतन्त्रताको हक र न्यायको हक तथा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३७, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७७ तथा यस अदालतबाट रिट नं. ०७८- WH-०००८, ०७८-WH-०२७९ र ०७९-WF-०००५ मा प्रतिपादित सिद्धान्त समेतको विपरीत निवेदकलाई गैरकानूनी रुपमा थुनामा राखिएको हुँदा विपक्षीहरुका नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी गैरकानूनी थुनामुक्त गरिपाउँ भनी गर्नुभएको बहस सुनियो ।

७. त्यसै गरी प्रत्यर्थीहरुको तर्फबाट उपस्थित विद्वान उपन्यायाधिवक्ता श्री पुष्पराज बास्तोलाले निवेदक बिरुद्ध दायर भएको अंगभङ्ग (एसिड प्रहार) जस्तो गम्भिर मुद्दा हाल काठमाडौं जिल्ला अदालतमा बिचाराधिन रहेकोमा परिक्षण प्रतिवेदन प्राप्त हुन ढिलाई भएको र सो परिक्षण प्रतिवेदन समयमा प्राप्त गर्न अदालतबाट पटकपटक ताकेता समेत भई भईरहेको साथै यस अदालतको पुर्ण इजलासबाट ने.का.प. २०७५, नि.नं. १०१०८ मा "विचाराधीन मुद्दामा सक्षम अदालतले न्यायिक प्रक्रियाअनुसार मुद्दाको सुनुवाई हुँदाको अवस्थामा आरोपित कसूरको सम्बन्धमा प्रमाणको मूल्याङ्कन गरी न्याय निरूपण गर्ने भएकोले कानूनबमोजिम पुर्पक्षको लागि थुनामा राखेको हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी नहुने" भनी ब्याख्या भएको हुँदा रिट निवेदकको थुना कानून प्रतिकुल नभएकोले रिट निवेदन खारेज गरिपाउँ भनी गर्नु भएको बहस समेत सुनियो।

८. यसमा परिवर्तित नाम बौद्ध ६१(०७७/०७८) मिति २०७७।१२।२९ को वारदातमा सोही दिन पक्राउ परी हालसम्म थुनामा रहेको र उक्त थुना बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३७, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७७ को विपरित भएकोले बन्दीप्रत्यक्षीकरणको आदेशद्धारा थुना मुक्त गरी पाउँ भन्ने निवेदन माग दावी रहेकोमा मिति २०७८।०१।२० मा अभियोगपत्रमा उल्लेखित परीक्षण प्रतिवेदन झिकाउनू भनी आदेश भएकोमा सोबमोजिम परीक्षण प्रतिवेदन प्राप्त नभएकोले मिति २०८०।०१।२१ दोस्रो पटक र मिति २०८०।०३।१९ तेस्रो पटक जिल्ला सरकारी वकील कार्यालय, काठमाडौंलाई ताकेता गर्दासमेत हालसम्म जवाफ प्राप्त नभएको हुँदा निष्कर्षमा पुग्न नसकिएको साथै निवेदकलाई कानून वमोजिमको प्रक्रिया अवलम्वन

गरी कानून बमोजिम नै पुर्पक्षको लागि बाल सुधार गृहमा राखिएको हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराको प्रत्यर्थीहरुको लिखित जवाफ रहेको पाईन्छ ।

९. उल्लिखित निवेदन दाबी तथा लिखित जवाफ रहेको प्रस्तुत विवादमा निवेदक तर्फका उपस्थित विद्वान् कानून व्यवसायी तथा प्रत्यर्थी तर्फबाट उपस्थित बिद्वान उपन्यायाधिवक्ताको तर्कपूर्ण बहस जिकिर सुनी निवेदन मागबमोजिमको आदेश जारी हुने हो वा होइन भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

१०. निर्णय तर्फ बिचार गर्दा यी निवेदक उपर काठमाण्डौ जिल्ला अदालतमा मिति २०७८/१/१९ मा अंगभङ्ग (एसिड प्रहार) को कसुरमा अभियोग पत्र दर्ता भई मिति २०७८/१/२० मा थुनछेक आदेश हुँदा निवेदक बाल बिज्याईकर्ता परिवर्तित नाम बौद्ध ६१(०७७/०७८) लाई मुद्दा पुर्पक्षको लागि बाल सुधारगृहमा राख्न पठाएको देखिन्छ। थुनछेक आदेशका क्रममा परिक्षण प्रतिवेदन झिकाउनु भन्ने आदेशानुसारको परिक्षण प्रतिवेदन पास नभए पछि मिति २०७९।१२।२० मा परिक्षण प्रतिवेदन यथासिघ्र पठाउनु भनी पुनःआदेश भई मिति २०८०।०१।२१ दोस्रो पटक र मिति २०८०।०३।१९ मा तेस्रो पटक "परिक्षण प्रतिवेदन" झिकाउने सम्बन्धमा ताकेता हुँदा समेत सम्बन्धित कार्यालयबाट उक्त परिक्षण प्रतिवेदन प्राप्त नभएको देखिन्छ। उक्त ०७७-८1-१४९६ नं. को अङ्गभङ्ग (एसिड प्रहार) मुद्दा हाल सुरु काठमाडौं जिल्ला अदालतमा विचाराधीन अवस्थामा रहेको र उक्त अदालतको मिति २०७८।१।२० गतेको थुनछेक आदेश बमोजिम रिट निवेदक हाल पुर्पक्षको लागि थुनामा रहेको देखियो।

११. नावालक पक्ष भएको मुद्दामा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३७ बमोजिम उक्त मुद्दा १२० दिन भित्र फैसला हुनु पर्नेमा लामो समय सम्म "परिक्षण प्रतिवेदन" प्राप्त नभएको भनी हाल सम्म निर्णय बिना बाल सुधार गृहमा बस्नु परेको कार्य बालबालिका सम्बन्धी ऐन, २०७५, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७७ विपरित हुन गएको हुँदा प्रत्यर्थीहरुका नाममा बन्दीप्रत्क्षीकरण लगायतका उपयुक्त आज्ञा आदेश जारी गरि पाउँ भन्ने मुख्य निवेदन जिकिर रहेको देखिन्छ। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७७(१) ***"यस परिच्छेद बमोजिम पुर्पक्षको लागि थुनामा राखिएको कुनै अभियुक्तको सम्बन्धमा प्रमाण बुझ्न पहिलो पटक तारिख तोकिएको मितिले एक वर्षभित्र मुद्दाको किनारा हुन नसकेमा त्यस्तो अभियुक्तलाई थुनामा राखिएको भए धरौटी वा जमानत लिई मुद्दाको कारबाही र किनारा गर्न सकिनेछ।"*** भन्ने वाक्यांश प्रयुक्त भएको पाईन्छ। उल्लिखित कानूनी व्यवस्थामा प्रयुक्त ***"सकिनेछ"*** भन्ने वाक्यांशबाट १ वर्षभित्र

मुद्दा किनारा हुन नसकेमा थुनामा रहेको अभियुक्तलाई थुनामुक्त गर्नै पर्ने बाध्यात्मक व्यवस्था रहेको देखिंदैन। तथापि उक्त प्रावधानले यथाशक्य छिटो मुद्दाको किनारा गर्नु भन्ने कानुन निर्माताको भाव बोकेको पाईन्छ। बालबालिका सम्बन्धि ऐन, २०७५ को दफा ३७ मा "**प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बाल अदालतले मुद्दा दायर भएको मितिले सामान्यतया एक सय बीस दिनभित्र मुद्दाको किनारा गर्नु पर्नेछ र यस्ता मुद्दाको कारबाही र किनारा गर्दा निरन्तर सुनुवाइको आधारमा गर्नु पर्नेछ**" भन्ने बाध्यात्मक प्रकृतिको व्यवस्था उल्लेख भएको देखिन्छ। प्रस्तुत निवेदनसँग सम्बन्धित मुद्दामा काठमाडौं जिल्ला अदालतबाट मिति २०७८।०१।२० मा थुनछेक आदेश हुँदा परिक्षण प्रतिवेदन झिकाउने समेत आदेश भएकोमा प्राप्त हुन नसकी पुनः मिति २०७९।१२।२० मा भएको आदेश बमोजिम मिति २०८०।०१।२१ दोस्रो पटक र मिति २०८०।०३।१९ मा तेस्रो पटक "परिक्षण प्रतिवेदन" झिकाउने सम्बन्धमा पटक पटक ताकेता हुँदा समेत सम्बन्धित कार्यालयबाट उक्त परिक्षण प्रतिवेदन हाल सम्म प्राप्त नभई मुद्दाको काम कारवाहीमा बिलम्व भई समयमा मुद्दा कारवाही किनारा हुन नसकेको देखियो।

१२. परिक्षण प्रतिवेदन पठाउनुपर्ने निकायले नपठाई मुद्दामा हुने ढिलाईका विषयमा न्याय प्रशासन ऐन २०७३ को दफा ३४(१) मा "**अदालत, न्यायिक, अर्धन्यायिक निकाय वा अधिकारीले मुद्दामा प्रमाणको निमित्त कुनै मिसिल, लिखत वा विवरण पेश गर्न वा पठाउन कुनै कार्यालयलाई आदेश दिएमा वा कुनै कुराको स्पष्टीकरण वा जवाफ मागेमा त्यस्तो कार्यालयले तुरुन्त त्यस्तो आदेशको पालन गर्नु पर्नेछ**" भन्ने ब्यवस्था रहेको र सोही ऐन को दफा ३४(२) "**उपदफा (१) बमोजिम अदालतले माग गरेको मिसिल, लिखत वा जवाफ कुनै कार्यालयले प्रचलित कानून बमोजिमको वा अदालतले तोकेको अवधिभित्र नपठाएमा अदालतले सम्बन्धित कार्यालयको प्रमुख वा कर्मचारीलाई पटकै पिच्छे एक हजार देखि दश हजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ**" भन्ने समेत व्यवस्था गरेको पाईन्छ। अदालतबाट कुनै कार्यालयलाई दिएको आदेश बमोजिमको कार्य तुरुन्त पालना गर्नु पर्ने कर्तव्य सम्बन्धित कार्यालय प्रमुख तथा कर्मचारीलाई तोकेको र अदालतले तोकेको अवधी भित्र आदेश अनुसारको कार्य नगरेमा अर्थात आदेशबाट माग गरेको कागजात नआएमा सम्बन्धित कार्यालय प्रमुख वा कर्मचारीलाई सजाय समेत गर्न सक्ने व्यवस्था रहे भएको देखिदा उल्लेखित मुद्दामा समयमा माग गरेको परिक्षण प्रतिवेदन नपठाएको कार्य न्याय

प्रशासन ऐन, २०७३ को दफा ३४ को विषय किन बन्न नसक्ने भन्ने समेत विषय प्रस्तुत मुद्दामा अन्तर्निहित भएको समेत देखिन आयो।

१३. उल्लेखित कानूनी व्यवस्थाले न्याय सम्पादनको कार्यलाई छिटो छरितो बनाउन सबै निकायलाई बाध्यात्मक रुपमा जिम्मेवार बनाएको अवस्था समेतबाट कुनै पनि निकाय तथा अधिकारीलाई कानुन बमोजिमको दायित्वबाट उम्कने र आदेशको पालना गर्न ढिलाई गर्ने छुट दिएको छैन। कानुनको पालन गर्न र न्यायसम्पादनको कार्यमा सहयोगी निकायबाट न्याय सम्पादनको शिलसिलामा माग गरेको प्रमाणहरु समयमा नपठाई ढिलाई भएको अवस्थामा अदालतको जनआस्था र बिश्वसनियतामा आँच पुग्ने अवस्था सृजना भईरहेको अवस्थालाई अस्वीकार गर्न सकिदैन। कानूनको विवादमा परेका बालबालिकाहरुलाई कानुनले गर्ने व्यवहारलाई नियमित गर्ने ब्यवस्थालाई अनदेखा तथा मर्मबिपरित गई ऐनले निर्धारित गरेको अवधि भन्दा बढी कुनै निकाय वा अधिकारीको उदासिनताले अनिश्चित कालसम्म मुद्दालाई लम्ब्याईरहन र निर्णय गर्नबाट बिलम्ब हुने अवस्था आउनुलाई स्वभाविक भन्न सकिदैन। बालबालिका सम्बन्धि ऐन, २०७५ ले बालबालिका समावेश भएका मुद्दामा पालना गर्नु पर्ने बिशेष बिधि, व्यवहार तथा प्रकृया प्रयोग गरी न्यायसम्पादनलाई छिटो छरितो र अनुमान योग्य रुपमा सम्पन्न गर्ने भन्ने बिधायिकाले मनसाय राखेको परिप्रेक्षमा बालबालिका सम्बन्धि ऐनले निर्धारित गरेको कार्यबिधि तथा समयसिमा भित्र मुद्दा कारवाही र किनारा हुन नसकेमा बिधायिकी मनसाय निस्प्रभावी हुन जान्छ।

१४. नेपालको सबिंधानको धारा ३९(८) मा "प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ" भनी सबैधानिक सुनिश्चितता प्रदान गरेको पाईन्छ। सक्षम अदालतबाट कानुनले निर्धारण गरेको समयसिमा भित्र आवश्यक निर्णय पाउनु हरेक व्यक्तिको नैसर्गिक अपेक्षा हुन्छ। कानुनको विवादमा परेका बालबालिका पक्ष भएका यस्तै प्रकृतिका मुद्दामा अदालतमा मुद्दाको प्रवेश भएपछि मुद्दामा अंग पुऱ्याउने रोहमा भएका आदेश र आदेश अनुसार पत्राचार भई माग भएको जवाफ प्रमाण तथा परिक्षण प्रतिवेदनलाई सिघ्र महत्वका साथ पठाई ऐनको मकसद अनुसार न्याय सम्पादनलाई छिटो छरितो र बिश्वसनिय बनाउने अनिवार्य दायित्व र जिम्मेवारी राज्यका सबै निकायको हुने हुँदा सो जिम्मेवारी पालना नगरी बिलम्व गरेमा अदालतले सम्बन्धित निकाय वा अधिकारी उपर न्याय प्रशासन ऐन, २०७३ को बाध्यात्मक प्रकृया अवलम्बन गर्नु वाञ्छनिय हुने देखिन्छ।

१५. यस्तै प्रकृतिको परिवर्तित नाम कालिञ्चोक १२० विरुद्ध जिल्ला सरकारी वकीलको कार्यालय, दोलखासमेत भएको (०७९-WF-०००५) मुद्दामा यस अदालतबाट मिति २०७९।१२।९ मा निर्देशनात्मक आदेश जारी भएको देखिएको र सो सम्बन्धमा यस अदालतबाट परिपत्रसमेत भएको देखिँदा सो समेतलाई मध्यनजर राखी काठमाडौं जिल्ला अदालतबाट मिति २०८०।१।२१ मा दोस्रो पटक र मिति २०८०।३।१९ मा तेस्रो पटक बुझ्नु पर्ने **प्रमाण अर्थात् परिक्षण प्रतिवेदन पठाउन पटक पटक सम्बन्धित निकायमा पत्राचार गर्दा पनि त्यस्तो निकायले सहयोग नगरेको अवस्थामा न्याय प्रशासन ऐन, २०७३ को दफा ३४ को प्रकृया समेत प्रयोग गर्नु पर्नेमा जिल्ला अदालतबाट सो कार्य सम्म नभएको देखिंदा अबदेखी आदेश अनुसारको बुझ्नु पर्ने प्रमाण सम्बन्धित निकायबाट प्राप्त नभएमा न्याय प्रशासन ऐन, २०७३ को दफा ३४ को समेत प्रयोग गरी सम्बन्धित कार्यालयलाई आवश्यक पत्राचार गरी प्रमाण वा परिक्षण प्रतिवेदन प्राप्त गरी यथाशिघ्र उक्त मुद्दाको निरुपण गर्नु भनी काठमाडौं जिल्ला अदालतको नाममा परमादेशको आदेश जारी गरिदिएको छ।**

१६. **बालबालिका सम्बन्धि मुद्दामा सम्बन्धित निकायबाट सबुद प्रमाणहरुको परिक्षण प्रतिवेदन प्राप्त गर्न ढिलाई भई कानूनले निर्धारण गरेको समयमा मुद्दाको किनारा नभईरहेको सन्दर्भमा बालबालिका सम्बन्धि मुद्दामा सबुद प्रमाणको परिक्षण प्रतिवेदन समयमा प्राप्त गर्न पत्राचार गर्दा केन्द्रिय बालन्याय समन्वय समितिलाई आवश्यक समन्वय गरिदिन बोधार्थ जानकारी समेत गराई आवश्यक सहयोग लिन मनासिव हुने हुँदा केन्द्रीय बाल न्याय समन्वय समितिलाई समेत पत्राचार गरी बालबालिका सम्बन्धी मुद्दामा अंग पुऱ्याई कारवाही र किनारा गर्नु भन्ने आदेश समेत गरिदिएको छ।**

१७. यी रिट निवेदक उपरको बिचाराधिन मुद्दामा समग्रमा प्रमाण बुझी निष्कर्षमा पुग्नु पर्ने विषयमा प्रमाण नै नबुझी, मुद्दाको अंग नै नपुगी मुद्दा किनारा गर्नू वा अन्यथा आदेश गर्नू भनी मातहत अदालतलाई बाध्य पार्न कानूनत मिल्ने देखिएन। कानूनको विवादमा परेको बालबालिका परिवर्तित नाम बौद्ध ६१(०७७/०७८) उपर मिति २०७८/१/१९ मा दायर भएको अङ्गभङ्ग (एसिड प्रहार) मुद्दाको अभियोगका सम्बन्धमा बिचाराधिन मुद्दामा अन्तरनिहित भएका तथ्यगत तथा कानूनी बिषयमा सोही अदालतले निरुपण गर्नुपर्ने प्रकृतिको देखिँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी रहनु परेन। रिट निवेदन खारेज हुने ठहर्छ। अरुमा तपसील बमोजिम गर्नु।

## तपसील

प्रस्तुत निवेदनमा परमादेशसमेतको आदेश जारी हुने ठहरी आदेश भएकाले उक्त आदेशको सिघ्र कार्यान्वयनका लागि आदेशको प्रतिलिपि सहितको जानकारी प्रत्यर्थीहरुलाई दिनु भनी महान्यायाधिवक्ताको कार्यालयमा लेखी पठाउनू.............................................१

बालबालिका सम्बन्धी मुद्दामा आदेश अनुसारको बुझ्नु पर्ने प्रमाण सम्बन्धित निकायबाट प्राप्त नभएमा न्याय प्रशासन ऐन, २०७३ को दफा ३४ को समेत प्रयोग गरी सम्बन्धित कार्यालयलाई आवश्यक पत्राचार गरी प्रमाण वा परिक्षण प्रतिवेदन प्राप्त गरी बालबालिका सम्बन्धी मुद्दाहरु बालवालिका सम्बन्धी ऐनले तोकेको समयसिमा भित्र निरुपण गर्नु भनी सबै अदालतमा परीपत्र गर्न अनुगमन तथा निरिक्षण महाशाखामा लेखी पठाइदिनू..........१

वालबालिका सम्बन्धी मुद्दामा सवूद प्रमाणको परिक्षण प्रतिवेदन समयमा प्राप्त गर्न सम्बन्धीत निकायमा पत्राचार गर्दा आवश्यक सहयोग तथा समन्वय गरिदिनु भनी केन्द्रीय बालन्याय समन्वय समितिलाई बोधार्थ बोधार्थ जानकारी समेत गरी पत्राचार गर्नु भनी सबै अदालतमा परीपत्र गर्न अनुगमन तथा निरिक्षण महाशाखामा लेखी पठाइदिनू................२

सरोकारवालाले आदेशको प्रतिलिपि माग गरेका नियमानुसार दिनू..............................३

आदेशको विद्युतिय प्रति यस अदालतको वेभसाइटमा प्रविष्ठ गरी दायरीको लगत कट्टा गरी नियमानुसार मिसिल अभिलेख शाखामा बुझाई दिनू...................................................४

उक्त रायमा सहमत छु।

न्यायाधीश

न्यायाधीश

इजलास अधिकृतः- विरेन्द्र प्रकाश खड्का

इति संवत् २०८० साल मंसिर २६ गते रोज ३ शुभम्.................................।